"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

संस्थाको सूचना तथा गतिविधी सम्प्रेषणको लागि

# बाराही Info Bulletin

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

वर्ष १६ । अंक ३ । फागुन, २०८२/०८३

## बाँसुरी बाजा बोल पुस्तक विमोचन ।




भक्तपुर, २०८२ पौष ९, International Year of Cooperatives 2025 को Global theme "Cooperatives build a better world" अनुसार श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिवाट प्रकाशित लेखक रभिम कपाली द्वारा लिखित नयाँ पुस्तक सांस्कृतिक बाँसुरी बाजा बोल नामक पुस्तक भव्य रूपमा संस्थाको तालिम हलमा विमोचन गरिएको छ । नेपाली मौलिक वाद्यवादनको क्षेत्रमा अनुसन्धानमूलक कृतिको रूपमा यस पुस्तकलाई सार्वजनिक गरिएको हो । उक्त पुस्तकको विमोचन प्रमुख अतिथि संस्थाका अध्यक्ष राधेश्याम सुवाल र लेखक रभिम कपालीबाट संयुक्त रूपमा गर्नुभएको हो ।

प्रमुख अतिथि राधेश्याम सुवालले पुस्तकको विमोचन गर्दै नेपाली लोक र शास्त्रीय संगितमा बासुरीको विशिष्ट स्थान रहेको बताउनुभयो । उहाँले भन्नुभयो, हाम्रो मौलिक पहिचान बोकेका बाजाहरू लोप हुँदै गएको अवस्थामा यो पुस्तकले नयाँ पुस्तालाई बाँसुरी सिक्न र यसको इतिहास बुझ्न ठूलो मद्दत पुऱ्याउनेछ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुवालले नेपाली मौलिक बाजा बाँसुरीको संरक्षण र नयाँ पुस्तालाई यसबारे जानकारी दिन यो पुस्तक कोसेढुङ्गा सावित हुने बताउनुभयो ।

लेखक रभिम कपालीले आफुले लामो समयको अनुसन्धान र दशकौं लामो सांगीतिक अनुभवलाई लिपिवद्ध गर्दै बासुरी सिक्न चाहने जो कोहीका लागि सरल मार्गदर्शक बनोस् भन्ने उद्देश्यले यो पुस्तक तयार पारेको उल्लेख गर्नुभयो । उक्त पुस्तकमा बाँसुरी प्रयोग, प्रकार, बजाउने बैज्ञानिक पद्धति र विभिन्न नेवारी गीतहरूको बोलको बारेमा प्रस्तुत गरिएको उल्लेख गर्नुभयो ।

बाँकी पृष्ठ ३ मा

## शेयर बजार सम्बन्धी अभिमुखिकरण कार्यक्रम

भक्तपुर, पुस १८, २०८२ श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा शेयर बजार सम्बन्धी अभिमुखिकरण कार्यक्रमका अतिथि संस्थाका अध्यक्ष राधेश्याम सुवाल र सभापति आयोजक उपसमितिका संयोजक कृष्ण प्रजापतीको सभापतित्वमा सम्पन्न भएको छ । संस्थाका सदस्य तथा पदाधिकारीहरूलाई पुँजी बजारका बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।

इम्पेरियल सेक्युरिटिज (ब्रोकर नं. ४५) को सुर्यविनायक शाखाका शाखा प्रमुख श्री माधव खनालको प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रममा मेरो शेयरको प्रयोग, शेयर बजारमा लगानी गर्ने तरिका, जोखिम व्यवस्थापन र प्राथमिक (IPO) तथा दोस्रो बजार (Secondary Market) का विभिन्न पक्षबारे प्रशिक्षण दिइएको थियो । त्यस्तै उहाँले डिम्याट खाताको प्रयोग र अनलाइन ट्रेडिङ प्रणाली (TMS) मार्फत कसरी सुरक्षित कारोबार गर्न सकिन्छ भन्ने बारे प्रयोगात्मक जानकारी गराउनुभएको थियो ।

बाँकी पृष्ठ ४ मा




### असल ऋणी बनौं

- नियमित मासिक व्याज तिरौं ।
- कबुलियत बमोजिम साँवा, व्याज भुक्तानी गरौं ।
- भाखा भित्र साँवा व्याज चुक्ता गरौं ।
- नियमानुसार किस्तावन्दी व्याज भुक्तानी गरौं ।
- बिलम्ब शुल्क नलाग्ने गरी ऋण र व्याज भुक्तानी गरौं ।
- ठूलो ऋण सेवा लिई उद्यमी बनौं ।
- संस्थाको हरेक कार्यक्रममा सहभागी बनौं ।
- नियमित बचत गरौं ।

**प्रकाशन उप-समिति**
संयोजक : श्री विष्णु प्रसाद सुवाल
सदस्य : श्री रुमन श्रेष्ठ

**सम्पादक**
व्यवस्थापक : श्री शिवजी हाकुदुवाल
सह-सम्पादक : श्री कल्पना दुवाल

**प्रकाशन**
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-४, भुलाँचा, भक्तपुर, फोन नं: ०१-६६११३६४
E-mail: sbarahisaccos@gmail.com,
Website: www.barahisaccos.com.np

**लेआउट डिजाईन तथा मुद्रण:**
**फाईन अफसेट प्रेस**
ग:पली-४, बाराहीस्थान, भक्तपुर । फोन नं.: ०१-६६१४४८३

## २०८२/११/०१ गतेदेखि कायम व्याजदर

| क्र.सं. | बचत प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| १ | नियमित बचत | ४.५ |
| २ | बाल बचत | ४ |
| ३ | खुत्रुके बचत | २ |
| ४ | महशुल बचत | २ |
| ५ | गहना बचत | २ |
| ६ | सवारी साधन बचत | २ |
| ७ | शैक्षिक बचत | २ |
| ८ | ऐच्छिक बचत | १ |
| ९ | स्वास्थ्य बचत | २ |
| १० | बिमा बचत | २ |
| ११ | दैनिक बचत | १.५ |
| १२ | घर निर्माण बचत | २ |

| क्र.सं. | आवधिक बचत | व्याजदर | | |
|---|---|---|---|---|
| | | एकमुष्ट | त्रैमासिक | मासिक |
| १ | ३ महिने | १.५ | | |
| २ | ६ महिने | २ | १.७५ | १.५ |
| ३ | १ वर्ष वा सोभन्दा माथि अवधिको | ३ | २.५ | २ |
| ६८ वर्ष देखिका जेष्ठ सदस्यहरूको आवधिक बचतमा कायम व्याजदरमा ०.२५ प्रतिशत थप हुनेछ । | | | | |

| क्र.सं. | ऋण शिर्षक | व्याजदर |
|---|---|---|
| १ | ब्यापार/ब्यवसाय ऋण | ८.७५ |
| २ | हायर पर्चेज ऋण | ८.७५ |
| ३ | सामाजिक ऋण | ९ |
| ४ | आवधिक बचत धितो ऋण | +२ |
| ५ | घडेरी/घर निर्माण ऋण | ८.७५ |
| ६ | शैक्षिक ऋण | ७ |
| ७ | कृषि ऋण | ६ |
| ८ | घरजग्गा ब्यवसाय ऋण | ८.७५ |
| ९ | पून निर्माण ऋण | ६.५ |
| १० | व्यवसायिक ऋण | ८.७५ |
| ११ | व्यवसाय ऋण | ८.७५ |
| १२ | उद्योग ब्यवसाय ऋण | ६.५ |
| १३ | ३ महिने पूनरूथान ऋण | ६ |
| १४ | ६ महिने पूनरूथान ऋण | ७ |
| १५ | १ वर्षे पूनरूथान ऋण | ८ |
| १६ | व्यवसाय निरन्तरता ऋण | ८ |

| सहुलियत दरमा ऋण लगानी | मासिक किस्ता | त्रैमासिक किस्ता | अर्धवार्षिक किस्ता |
|---|---|---|---|
| | ६ | ७ | ८ |

# प्रकाशकीय

## सहकारी अभियानमा डिजिटल रूपान्तरण र सुशासनको मार्ग

सहकारीको मूल मर्म 'सहकार्य र स्वावलम्बन' लाई आत्मसात गर्दै श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो सेवा यात्रामा अर्को एउटा ईंट्टा थपेको छ । हरेक अङ्कको बुलेटिन मार्फत हाम्रा शेयर सदस्यहरूसँग संस्थाका गतिविधि, प्रगति र भावी योजनाहरू साटासाट गर्न पाउँदा हामीलाई गर्व लागेको छ ।

वर्तमान समयमा सहकारी क्षेत्रले विभिन्न चुनौतीहरूको सामना गरिरहेको सर्वविदितै छ र सहकारी प्रतिको जनविश्वास कायम राख्नु हाम्रो प्रमुख कार्यभार हो । हामी प्रतिबद्ध छौं कि तपाईको पसिनाको कमाइ यस संस्थामा सुरक्षित छ र यसलाई सदस्यहरूकै हितमा उच्चतम परिचालन गरिनेछ । यस परिवेशमा संस्थालाई सुरक्षित, पारदर्शी र सदस्यमैत्री बनाउनु नै हाम्रो मुख्य प्राथमिकता हो । श्री बाराही साकोसले जहिले पनि संस्थागत सुशासन (Corporate Governance) लाई केन्द्रमा राखेर काम गर्दै आएको छ । सदस्यहरूको सानो-सानो बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गरी उनीहरूको आर्थिक स्तर उकास्नु नै हाम्रो मुख्य ध्येय हो ।

सहकारी क्षेत्रमा सुशासनको चुनौती देखिरहेका बेला श्री बाराही साकोसले जहिले पनि सहकारी ऐन, नियमावली र आन्तरिक कार्यविधिलाई पूर्ण पालना गर्दै पारदर्शिता र उत्तरदायित्वलाई संस्थाले प्राथमिकता दिई आएको छ ।

हामी अहिले सूचना प्रविधिको युगमा छौं । त्यसैले, संस्थाले आफ्ना सेवाहरूलाई थप छिटो र छरितो बनाउन डिजिटल बैंकिङ र मोबाइल एप जस्ता सुविधाहरूलाई तीव्रताका साथ अगाडि बढाएको छ । अब सदस्यहरूले घरमै बसेर सुरक्षित रूपमा कारोबार गर्न सक्ने वातावरण निर्माण भएको छ । बदलिँदो समयसँगै हामीले प्रविधिलाई आत्मसात गर्दै बाराही स्मार्ट मोबाइल एप मार्फत सदस्यहरूले २४ सै घण्टा सुरक्षित रूपमा वित्तीय कारोबार गर्न सक्ने सुविधा प्रदान गरिएको छ ।

सहकारी केवल आर्थिक कारोबार गर्ने थलो मात्र होइन, यो सामाजिक रूपान्तरणको संवाहक पनि हो । त्यसैले, हामीले शिक्षा, स्वास्थ्य र सामाजिक उत्तरदायित्वका विभिन्न कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएका छौं । सदस्यहरूलाई केवल ऋण दिने मात्र नभई उनीहरूको सीप विकासका लागि व्यावसायिक तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्नु हाम्रो प्राथमिकता हो । हामीले स्वास्थ्य शिविर, रक्तदान र शैक्षिक सहयोग जस्ता सामाजिक कार्यहरूमार्फत समुदायसँगको सम्बन्धलाई थप प्रगाढ बनाउँदै लगेका छौं ।

आगामी दिनमा सदस्यहरूको व्यवसायिक क्षमता अभिवृद्धि गर्न थप तालिम र सहुलियतपूर्ण ऋणका योजनाहरू ल्याउने हाम्रो लक्ष्य छ ।

अन्त्यमा, यस बुलेटिन मार्फत हामी हाम्रा गतिविधिहरूको ऐना प्रस्तुत गरिरहेका छौं । यस यात्रामा अनवरत रूपमा सहयोग पुऱ्याउनुहुने सञ्चालक समिति, विभिन्न उप-समितिहरू, कर्मचारी वर्ग र विशेष गरी हामीलाई विश्वास गर्नुहुने सम्पूर्ण आदरणीय शेयर सदस्यहरूमा हार्दिक आभार व्यक्त गर्दछौं । सहकारी अभियानलाई सफल बनाउन तपाईहरूको सुझाव र सहभागिता सधैं अपेक्षित रहनेछ ।

## अध्यक्षको मन्तव्य



**श्री राधेश्याम सुवाल**
अध्यक्ष

आदरणीय सदस्य महानुभावहरू,
नमस्कार ।

सबैभन्दा पहिले यस सहकारीको यात्रामा तपाईहरूको निरन्तर विश्वास, सक्रिय सहभागिता, विश्वासयोग्य योगदान, साथ र सहकार्यप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । तपाईंहरूको सक्रिय सहभागिताले नै यस सहकारी संस्था दिनानुदिन सुदृढ र विश्वासिलो बन्दै गएको र हामीलाई अझ मजबुत र दिगो बनाईराख्न मद्दत पुगेको छ ।

यस त्रैमासिक अवधिमा संस्थाले बचत संकलन, ऋण प्रवाह तथा सदस्य सेवा विस्तारमा सकारात्मक प्रगति गरेको छ । हामीले सेवा प्रवाहलाई अझ पारदर्शी, छिटो र सदस्यमैत्री बनाउने दिशामा निरन्तर प्रयास गरिरहेका छौं । तर सहकारीको दीगो विकास र मजबुत आर्थिक आधार निर्माणको मुख्य स्तम्भ भनेको नियमित बचत नै हो ।

यसै सन्दर्भमा, म सम्पूर्ण सदस्यज्यूहरूलाई विशेष आग्रह गर्न चाहन्छु कि नियमित बचतलाई अनिवार्य जिम्मेवारीका रूपमा ग्रहण गर्नुहोस् । सहकारी केवल ऋण लिने माध्यम मात्र होइन । यो हाम्रो सामूहिक पूँजी निर्माणको अभियान हो । प्रत्येक सदस्यले समयमै नियमित बचत गरेमा संस्थाको तरलताको अवस्था सुदृढ हुन्छ । सदस्यहरूलाई आवश्यक समयमा सहज ऋण सेवा उपलब्ध गराउन सकिन्छ । सहकारीको लगानी क्षमता र लाभांश वितरण क्षमता वृद्धि हुन्छ र सबै सदस्यको आर्थिक अनुशासन तथा भविष्य सुरक्षा सुनिश्चित हुन्छ ।

सानो-सानो बचतले ठूलो पूँजी निर्माण हुन्छ भन्ने सत्यलाई व्यवहारमा उतार्दै हामी सबैले नियमित बचत गर्ने बानीलाई संस्थागत संस्कार बनाऔँ । आजको नियमित बचत नै भोलिको आर्थिक सुरक्षा र आत्मनिर्भरता हो ।

सहकारीको सफलता कुनै एक व्यक्तिको होइन, यो हामी सबैको सामूहिक प्रयासको परिणाम हो । त्यसैले नियम पालना, समयमै किस्ता तथा बचत जम्मा र संस्थागत अनुशासनमा सबैले विशेष ध्यान दिनु आवश्यक छ ।

अन्त्यमा, आगामी दिनहरूमा पनि तपाईंहरूको निरन्तर साथ, सहयोग र सक्रिय सहभागिताको अपेक्षा राख्दछु । हामी सबै एकजुट भई अघि बढेमा श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. अझ विश्वासिलो, सबल र नमुना सहकारीका रुपमा स्थापित हुनेमा म पूर्ण विश्वस्त छु ।

धन्यवाद ।

विमोचन कार्यक्रम ..............

कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष राधेश्याम सुवालले सदस्यहरूको आर्थिक स्तर उकास्न र सुरक्षित लगानीका क्षेत्र पहिचान गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले स्वागत मन्तव्य राख्दै संस्थाले केवल बचत तथा ऋणको मात्र कारोवार नभई यो सामुदायिक सहकारी संस्था भएकोहुनाले समुदायको विकास र समुदायको आर्थिक उत्थानका साथ साथै बाँसुरी हाम्रो माटोको सुगन्ध बोकेको बाजा भएका कारण नेपाली कला, संस्कृतिको संरक्षण गर्नु पनि हो भनी नेपाल पर्यटकीय दृष्टिकोणले मठमन्दिर, प्राकृतिक सौन्दर्यता, कला, संस्कृति र बाजागाजामा धनी देश हुनाले नेपाली मौलिक बाजा र संस्कृतिको संरक्षण गर्ने संस्थाको अभियान अन्तर्गत यो पुस्तक प्रकाशन गरिएको बताउनुभयो । उहाँले यस पुस्तकमा ISBN नम्बर सहित राखिएकोले बाँसुरीको गरिमालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन यो पुस्तकले महत्वपूर्ण भुमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।




कार्यक्रममा बाराही बाँसुरी बाद्यकहरूले बासुरीको सुमधुर धुन प्रस्तुत गरी कार्यक्रमलाई सांगीतिक माहोलमा गुञ्जायमान बनाएको यस विमोचन कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्व, कलाप्रेमीहरू तथा बाँसुरी वाद्यकहरू र संस्थाका पदाधिकारी एवं सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो । श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिले बजारमा ल्याएको यो पुस्तक आजैका मितिदेखि प्रकाशक र लेखकवाट प्राप्त गर्न सक्नुहुने छ ।

कार्यक्रममा अमित खोंजु, राजमति सुवाल लगायत संस्थाका पदाधिकारी सदस्यहरूले समेत वोल्नु भएको थियो । संस्थाको सांस्कृतिक तथा खेलकुद उपसमितिका संयोजक एवं सभाध्यक्ष सृजन ग्वाछाले कुनै पनि कृतिको जन्म हुनु भनेको एउटा नयाँ विचार र भावनाको उदय हुने भएकोले यस पुस्तकले नेपाली साहित्यको भण्डारमा एउटा दरिलो इट्टा थपेको महशुस व्यक्त गर्दै सम्पुर्ण उपस्थित विभिन्न क्षेत्रका व्यक्तित्व र सदस्यहरूलाई धन्यवाद दिन्दै कार्यक्रम समापन गर्नु भएको छ ।

## दुबोको माला बनाउने र सुपारी सजावट तालिम सम्पन्न ।

दुबोको माला बनाउने र सुपारी सजावट तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गरी सम्पन्न भएको छ । श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिको सदस्य तथा बचत उपसमितिद्वारा आयोजित तालिम मिति २०८२ मंसिर २४ गते शुरू र २५ गते समापन भएको थियो ।




तालिमको समापन कार्यक्रममा प्रमुख अतिथि संस्थाका अध्यक्ष राधेश्याम सुवालबाट सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गर्दै प्रमुख अतिथि सुवालले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो । उहाँले यस्ता सीपमुलक तालिमले बेरोजगारी घटाउने र स्थानीय स्तरमा स्वरोजगारका अवसर सृजना गर्न महत्वपुर्ण भुमिका खेल्नेमा जोड दिनुभयो ।

तालिम हाम्रो संस्थाको सशक्तिकरण र स्वरोजगार अभियानको एक महत्वपुर्ण पाटो हो भनी महिला सदस्यहरूलाई आत्मनिर्भर बनाउने, उहाँहरूको आय आर्जनको बाटो फराकिलो पार्ने र घरमै बसेर पनि अतिरिक्त आम्दानी गर्न सघाउने उद्देश्यले आयोजना भएको समापन कार्यक्रममा संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले सहभागी सदस्यहरूलाई धन्यवाद व्यक्त गर्दै संस्थाको उद्देश्य सदस्यको आर्थिक तथा सामाजिक सशक्तिकरण, सहकारीको भुमिका र सीप विकासको महत्वबारे बेल्नु भएको थियो । जसमा सकारात्मक सोच, सामुहिक भावना र आत्मनिर्भरतामा जोड दिदै तालिमबाट प्राप्त सीपलाई आम्दानीको स्रोत बनाउन प्रोत्साहन गर्ने मुख्य सन्देश दिदै आगामी दिनमा पनि यस्तो तालिम कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

तालिममा जम्मा १५ जना सदस्यहरूको सहभागिता रहेको उक्त तालिमका प्रशिक्षक रविता बासुकलाले दुई दिनसम्म प्रयोगात्मक प्रशिक्षण दिनु भएको थियो । तालिम अवधिभर सहभागीहरूलाई दुबोको माला र सुपारी सजाउने बारे सैद्धान्तिक ज्ञान, व्यवहारिक ज्ञान, आवश्यक सामाग्री र बजारको अवस्थाबारे समेत ज्ञान सीप हस्तान्तरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रशिक्षार्थीहरू मध्येबाट श्रीलक्ष्मी पंच र राम लक्ष्मी भैलले आफुले सिकेका सिकाईको अनुभव व्यक्त गर्दै तालिमबाट आफ्नो लागि निकै फलदायी रहेको र यसले भविष्यमा आम्दानीको बाटो देखाएको भन्दै प्रशिक्षक र बाराही साकोस प्रति धन्यवाद र कृतज्ञता व्यक्त गर्नु भएको थियो । कर्मचारी रामलक्ष्मी प्रजापति, उपसमितिका सदस्य जमुना त्वानाबासु, रचना खायमलीले समेत बोल्नु भएको थियो ।

कार्यक्रमका सभापति सर्मिला मानन्धरले उपस्थित सम्पुर्णलाई तालिम कार्यक्रम सफल गर्न सहयोग गर्नु भएकोमा धन्यवादकासाथै तालिमको सदुपयोग गर्नुहुने आशा व्यक्त गर्दै समापन गर्नु भएको थियो ।

---

शेयर बजार सम्बन्धी ..............

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले संस्थाको तर्फवाट संस्थाका विविध गतिविधि र हालको संस्थागत वित्तीय अवस्थाको जानकारी प्रस्तुत गर्दै शेयर बजारमा बुझेरमात्र लगानी गर्न आग्रह गर्दै सदस्यहरूलाई बचत तथा ऋणमामात्र सीमित नभई आधुनिक पुँजी बजारसंग थप जोड्नको लागि यो कार्यक्रम आयोजना गरेको धारणा व्यक्त गर्नुभयो । शेयर बजारको प्रतिफलको सम्भावना उच्च भए पनि जोखिम पनि उत्तिकै रहने हुँदा अरूको लहलहैमा नलागी कम्पनीको वित्तीय अवस्था अध्ययन गरेर मात्र लागानी गर्न सुझाव दिए । बर्तमान समय वित्तीय संकुचनका कारणले व्यापार व्यवसायमा लगानी न्युन भएकोले संस्थाको लगानीमा टेवा पुग्ने हुनाले थप ऋण लगानीको पनि सम्भावना रहने धारणा राख्नु भएको थियो ।

सहकारीका पदाधिकारी, कर्मचारी र सदस्यहरू गरि जम्मा ६० जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा कर्मचारी अनिता दुवाल, रामलक्ष्मी प्रजापति र उपस्थित सदस्यहरू समेतले वोल्नु भएको थियो । सभापति कृष्ण प्रजापतीवाट प्राविधिक सहयोगका लागि इम्पेरियर सेक्यूरितिजका माधव खनाललाई मायाको चिनो सहित धन्यवाद दिंदै सहभागी सदस्यहरूलाई सिकेका शिक्षणलाइ व्यवहारमा उतार्न समेत आग्रह गरिएको थियो ।

उक्त कार्यक्रममा सहभागीहरूले बित्तीय साक्षरता बृद्धि गर्न र अनलाइन मार्फट शेयर कारोवार गर्न आत्मविश्वास बढाउनुका साथै शेयर बजारमा बढ्दो आकर्षणसँगै यस्ता सचेतनामूलक कार्यक्रमले गलत हल्लाको पछि नलागी सही लगानी निर्णय लिन मद्दत गर्ने धारणा तथा प्रतिक्रिया राखेका थिए ।



## अर्ध वार्षिक समिक्षा गोष्ठी सम्पन्न ।

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०८२।०८३ को अर्धवार्षिक समीक्षा गोष्ठी कार्यक्रम मिति २०८२ माघ १६ गते सम्पन्न भएको छ । सस्थाका अध्यक्ष राधेश्याम सुवालले समीक्षाबाट संस्थाको वित्तीय अवस्थाको प्रगति, वार्षिक कार्य योजनाको प्रगतिको अवस्थाबारे बोध हुने, नयाँ शिक्षण शिकाईको अनुभुति हुने र सस्थागत प्रगतिको कमजोरीलाई सुधार गरेर अगाडि बढ्न सहयोग हुने जानकारी गराउनु भयो ।




सहकारी संस्था नीति नियम अनुसारको सुशासनमा संचालन भएमा संस्थामा जोखिम न्यून हुने भएकोले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन सहकारी ऐन र नियम बमोजिम भएकोले सो निर्देशनलाई स्विकार्य गरि अगाडी बढ्नु पर्ने धारणा राख्नु भयो । एक व्यक्ति एक सहकारीलाई आत्म साथ गर्न सदस्यहरूवाट दोहोरो सदस्यका कारणले सदस्यता खारेज भएमा सदस्यता खारेज गर्दै आएको व्यक्त गरे र नयाँ सदस्यहरूलाई संचालक समितिको निर्णय पश्चातमात्र सदस्यता प्रदान गरेको जानकारी गराउनु भयो ।

संस्थाका उपाध्यक्ष बलराम प्रजापतिले स्वागत मन्तव्य राख्दै संस्थाको आ.व. २०८२।०८३ को वार्षिक योजना तथा कार्यक्रम एवं बजेटको कार्यान्वयनको समीक्षा गर्न अर्धवार्षिक समीक्षा कार्यक्रम राखिएको बताए ।

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले पौषमसान्तसम्मको समिक्षात्मक वित्तीय प्रगति अवस्था प्रस्तुत गरियो । उनले हाल ऋण लगानीको वातावरण नहुँदा संस्थामा अत्याधिक तरलता बढेको र बैंक बित्तीय संस्थाले व्याजदरमा न्युनदर प्रदान गरेकोले तरलताको व्यवस्थापनमा सकस परेको जानकारी गराउनु भयो ।

उनले नेफ्स्कूनवाट संचालित नियमित निरिक्षण तथा अुगमन कार्यक्रम (स्क्यान) SCAN कार्यक्रम अन्तरगत साकोस जोखिम व्यवस्थापन ३६० कार्यशाला (CURIMA ३६०)को वारेमा आगामी कार्ययोजन तथा प्रतिवद्धताको प्रस्तुती गरियो ।

साथै उनले संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई निरन्तर तालिम तथा शिक्षा प्रदान गराई क्षमता अभिवृद्धि गराउनु पर्नेमा जोड दिन्दै प्राधिकरणले जारी गरेको पुँजी पर्याप्तता अनुपात विश्लेषण गर्ने तरिकावारे प्रस्तुत गरि संस्थाको पुष मसान्तको पुँजी पर्याप्तता अनुपात १६।६७ प्रतिशत अनुपात रहेको जानकारी गराउनु भयो । आगामी समिक्षामा NFRS को पूर्ण कार्यान्वयनका लागि Expected Credit loss र Effective Interest Rate Calculation को बारे थप अभिमुखिकरण गराउने वा गराउनु पर्ने प्रस्तुत गरे ।

सहकारी संस्थाका वरिष्ठ कर्मचारी राजमति सुवालले पुषमसान्तसम्मको ऋण लगानी तथा असुलीको प्रगति प्रस्तुत गरे । संस्थामा ऋण परिचालनमा न्यूनीकरणका कारणले तरलता अधिक रहेको हुनाले ऋण परिचालनमा लचिलो बनाउनु पर्ने व्यक्त गरियो ।

संस्थाका वरिष्ठ कर्मचारी कल्पना दुवालले पुषमसान्तसम्मको योजना तालिम तथा कार्यक्रम प्रगति प्रस्तुत गरे । उनले पुषमसान्त सम्मको संस्थाको आयोजनामा सम्पन्न तालिम कार्यक्रमहरू तथा संघहरूबाट आयोजित तालिम कार्यक्रमहरूमा सहभागि विवरण प्रस्तुत गरे ।

संस्थाका लेखा अधिकृत श्रीकृष्ण ख्याजुले अर्धवार्षिक समीक्षामा संस्थाको वासलात एक अर्ब तीन करोड नाघेको प्रस्तुत गरियो । संस्थामा ऋण परिचालनमा न्यूनीकरण भएकोले तरलता अधिक रहेको बैक वित्तीय संस्थावाट प्रदान गर्ने व्याजदरमा न्यून रहेकोले नाफामा असर भएको प्रस्तुत गर्नु भयो ।

संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक बालकृष्ण नागा, संचालक पदाधिकारीहरू विष्णु प्रसाद सुवाल, विश्वराम त्वायना, पुनेन्द्र प्रसाद कुसी, पुर्ण प्रसाद दुवाल,सृजन ग्वाछा, सर्मिला मानन्धर, चन्चल कर्माचार्य समेतले आ-आफ्नो धारणा राय सुझाव र आगामी कार्ययोजनाको प्रतिवद्धता व्यक्त गर्दै संस्थाको अर्धवार्षिक समिक्षा गोष्ठीमा बोल्नु भयो । संस्थाको अर्धवार्षिक समीक्षामा समिति, उपसमितिहरू र कर्मचारीहरू सहित ३४ जनाको सहभागिता रहेको थियो ।



## संस्थाको प्रथम त्रैमासिक समिक्षा गोष्ठी सम्पन्न ।




मिति २०८२ कार्तिक २२ गते शनिबार श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०८२/०८३ प्रथम त्रैमासिक समिक्षा गोष्ठी अध्यक्ष राधेश्याम सुवालको सभाध्यक्षतामा सुर्यविनायक रिसोर्ट, चुनदेवीमा सम्पन्न भयो ।

उक्त गोष्ठीमा संस्थाका उपाध्यक्ष बलराम प्रजापतिबाट राष्ट्रिय सहकारी नियमन प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन अनुसार सहकारी अगाडी बढाउन हामी सहकारी कर्मी लागि पर्ने कुरा व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्षले संस्थाको पहिलो त्रैमासिक समिक्षामा आ.व. २०८२/०८३ को कार्ययोजना तथा बजेट अनुसार कार्य सम्पादन गर्नुपर्ने गोष्ठीमा व्यक्त गर्नुभयो । गाष्ठीमा क्रमशः ऋण प्रतिवेदन वरिष्ठ ऋण सहायक राजमति सुवाल, प्रशासनिक प्रतिवेदन वरिष्ठ प्रशासन सहायक कल्पना दुवाल, वित्तीय प्रतिवेदन लेखा अधिकृत श्रीकृष्ण ख्याजु, समिक्षात्मक प्रतिवेदन व्यवस्थापक शिवजी हाकुदुवाल र विभिन्न उपसमितिका संयोजकबाट त्रैमासमा सम्पन्न कार्यक्रम र कार्य योजना प्रस्तुत गर्नु भएको थियो ।

## मोबाइल बैकिङ्ग र कनेट आई.पि.एस सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न ।

मिति २०८२ मंसिर १२ गते शुक्रबारका दिन यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ऋण उपसमितिको आयोजनामा संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरू र कर्मचारीहरूलाई मोबाइल बैकिङ्ग र कनेक आई.पि.एस सम्बन्धी अभिमुखिकरण गर्ने उद्देश्यले संस्थाको तालिम हलमा अध्यक्ष राधेश्याम सुवालको आतिथ्यतामा ऋण उपसमितिका संयोजक पुर्ण प्रसाद दुवालको संयोजकत्वमा कार्यक्रम सम्पन्न गरियो ।




कार्यक्रममा प्रस्तुत कर्ता संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले संस्थावाट वितरण गर्दै आएको मोवाइल बैकिङ्ग सेवाको प्रयोग तरिका, फाइदा, सहजता, आवश्यकता र बैक वित्तीय संस्थावाट यस संस्थामा रकम स्थानान्तरण गर्न प्रयोग गरिने कनेक आइपिएस, इ-सेवा, खल्ती सेवाको प्रयोग उपयोगिता र आवश्यकतावारे जानकारीमुलक प्रस्तुती गर्दै बर्तमान समय प्रविधिको समय भएकोले आजैबाट सबैले यसको प्रयोग गरौ र यस विषय सम्वन्धी अद्यावधिक भइरहनु पर्ने विषयमा विशेष जोड दिँदै प्रसतु गर्नु भएको थियो । सो अभिमुखिकरण कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो ।

---

## उपसमितिको सदस्य पदमा मनोनयन

भक्तपुर । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरले श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. का प्रतिनिधि सस्थाका उपाध्यक्ष बलराम प्रजापतिलाई उक्त संघको सहकारी समन्वय उपसमितिको सदस्य पदमा मिति २०८२ पुष ७ गतेको निर्णय अनुसार मनोनयन गरेको छ ।

यस संस्थाका प्रतिनिधि उपाध्यक्ष बलराम प्रजापतिले मनोनयन प्राप्ति सम्बन्धी निर्णयप्रति संघ प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभएको छ । उहाँले यस मनोनयनबाट सहकारी क्षेत्रको समन्वय, विकास र सहयोगी काममा योगदान पुर्‍याउने दृढ प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

संघ र सदस्य संस्थाबीचको सहकार्यलाई अझ सुदृढ बनाउने उद्देश्य सहित गरिएको यो मनोनयनले सहकारी क्षेत्रको



पारदर्शिता, जिम्मेवारी र दिगोपनालाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ ।

## श्री बाराही साकोसमा सुपरिवेक्षण तथा अनुगमन सम्पन्न ।

नेफ्स्कूनको स्क्यान कार्यक्रम अन्तर्गत श्री बाराही साकोसमा सुमनराज घिमिरेको नेतृत्वमा नेफ्स्कूनद्धारा मिति २०८२ माघ २७ गते स्थलगत सुपरीवेक्षण तथा अनुगमन सम्पन्न भएको छ ।

भक्तपुर । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा सञ्चालित (SCAN Supervisory Checks and Analysis for Navigation) नियमित निरिक्षण तथा अनुगमन कार्यक्रम अन्तर्गत सहकारी क्षेत्रमा सुशासन र सदस्यको बचत सुरक्षाको मुख्य चुनौतीलाई मध्यनजर गरि भक्तपुरको सुर्यविनायक भुलौँचा स्थित श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. मा सघन स्थलगत सुपरीवेक्षण अनुगमन तथा प्राविधिक विश्लेषण कार्य सम्पन्न भएको छ ।




संस्थाको वित्तीय सुरक्षा, सुशासन र सञ्चालन प्रक्रियालाई थप सुदृढ बनाउने उद्देश्यले नेफ्स्कूनका अनुगमन अधिकृत सुमनराज घिमिरे र अनुगमन सहायक नमुना सापकोटाले संस्थाको स्थलगत अनुगमन गर्नुभएको हो । अनुगमन तथा सुपरीवेक्षणका क्रममा संस्थाको मुख्य वित्तीय सूचकहरू, जोखिम व्यवस्थापन प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, समिति र साधारण सभाको निर्णय पुस्तिका, डिजिटल सुशासन र पारदर्शिता अन्तर्गत कोपोमिस प्रणालीमा तथ्याङ्क प्रविष्टिको अवस्था तथा गो ए एम एल मार्फत सम्पत्ति शुद्धिकरण निवारणको प्रभावकारीता विश्लेषण र नीतिगत कार्यान्वयनको अवस्थाबारे सुक्ष्म विश्लेषण गर्नुभएको थियो ।

सुपरीवेक्षणपछि आयोजित रणनीतिक छलफल कार्यक्रममा नेफ्स्कूनका अनुगमन अधिकृत सुमनराज घिमिरेले संस्थाका सबल पक्षहरू र आगामी दिनमा सुधार गर्नुपर्ने क्षेत्रबारे प्रस्तुति दिनुभयो । पहिचान गरिएका सुझावहरूलाई व्यवहारमा उतार्न स्पष्ट कार्ययोजना आवश्यक रहेकोमा जोड दिनुभयो ।

'स्क्यान' कार्यक्रमले विशेषगरी सहकारीको जोखिम न्यूनीकरण र दिशाबोध (Navigation) मा जोड दिने भएकाले, अनुगमनका क्रममा प्राप्त तथ्याङ्कका आधारमा संस्थाको वर्तमान अवस्थाको 'स्वस्थता परीक्षण' गरिएको थियो । सो अवसरमा अधिकृत घिमिरेले संस्थाका सञ्चालक समिति र व्यवस्थापन पक्षसँग छलफल गर्दै सहकारीलाई सुरक्षित र सदस्यकेन्द्रित बनाउन सुधार गर्नुपर्ने प्राविधिक पक्षहरूबारे सुझाव प्रस्तुत गर्नुभयो ।

संस्थाका संचालक र व्यवस्थापन टिमबाट प्राप्त सुझावहरूलाई तत्काल सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त भएको छ सहकारीप्रति सदस्य तथा समुदायको विश्वास कायम गर्न यस संस्थाले स्वनियमन, आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तीय अनुशासनलाई विशेष प्राथमिकतामा राख्दै संस्था आगाडी बढ्ने प्रतिबद्धता जनाएको छ । साथै संस्थाले आफ्ना सदस्यहरूको बचतलाई सुरक्षित राख्दै व्यावसायिकता कायम गर्न नेफ्स्कूनको यो प्राविधिक सहयोग महत्वपूर्ण र हने विश्वास लिएको छ । श्री बाराही साकोसले विगतदेखि नै सुशासन र सुरक्षामा विशेष ध्यान दिँदै आएकोमा यस्ता नियमित अनुगमनले संस्थाको विश्वसनीयता थप बढ्ने निष्कर्ष निकालिएको छ ।

## आन्तरिक नीति-नियम संशोधन तथा परिमार्जन

संस्था संचालनका लागि संचालक समितिबाट निर्णय भई देहायका आवश्यक आन्तरिक नीति तथा कार्यविधि संशोधन तथा परिमार्जन गरी लागु गरिएको छ ।

क) सम्पत्ति सुद्धीकरण निवारण सम्बन्धी आन्तरिक कार्यविधि-२०८२
ख) सूचना प्रविधि नीति-२०८२
ग) सहुलियत ऋण लगानी कार्यविधि-२०८२

## मृतक सदस्य राहत सुविधा ।

आ.व. २०८२/०८३ मा तपसिल बमोजिम मृतक सदस्यका परिवारलाई मृतक सदस्य राहत वितरण गरिएको छ ।

| क्र. सं. | मृतकको नाम | सदस्य नं. | राहत रकम | क्रिया खर्च |
|---|---|---|---|---|
| १ | कृष्ण नारायण बाटी | ४०९१ | ५००००/- | ५०००/- |
| २ | पुर्ण लक्ष्मी अवाल | ९१७ | ५००००/- | ५०००/- |
| ३ | हरि राम कोजु | ५२९१ | ५००००/- | ५०००/- |
| ४ | कान्छी मैया सुवाल | १९५० | ५००००/- | ५०००/- |
| ५ | इन्द्र प्रसाद देउपाला | २४६९ | ५००००/- | ५०००/- |
| ६ | दिल माया माताङ्ग | ११२८ | ५००००/- | ५०००/- |
| ७ | राम सुन्दर प्रजापति | ३५६४ | ० | ५०००/- |
| ८ | केशरी महन्त दुवाल | ४४९२ | ५००००/- | ५०००/- |
| ९ | गणेश राम कर्माचार्य | १८९ | ५००००/- | ५०००/- |
| १० | तुल्सी राम गोठे | ५८८५ | ५००००/- | ५०००/- |
| ११ | पुन माया सुजखु | ९२१ | ५००००/- | ५०००/- |
| १२ | धर्म लाल श्रेष्ठ | ४९९५ | ५००००/- | ५०००/- |
| १३ | शकुल माया बुद्धाचार्य | ३१८८ | ५००००/- | ५०००/- |
| १४ | कुमारी माया कासुला | २५७३ | ५००००/- | ५०००/- |
| १५ | बिष्णु माया सुवाल | १९६६ | ५००००/- | ५०००/- |

## अनुपालना अधिकारीको क्षमता विकास तालिम सहभागिता

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को आयोजनामा "अनुपालना अधिकारी क्षमता विकास तालिम (Compliance Officer Competency Training २०८२ माघ २३ गते रोयल थाई हस्पिटालिटी राधेराधेमा सफलतापूर्वक सम्पन्न भएको छ ।

तालिमको मुख्य उद्देश्य सहकारी विभागबाट जारी "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यान्वयनका लागि सहकारी संस्थालाई जारी गरिएको निर्देशन, २०७४" को दफा २४ तथा सम्पत्ति शुद्धीकरण ऐनको दफा ७(त) को उपदफा (३) बमोजिम सहकारी संस्थाहरूले अवलम्बन गर्नुपर्ने प्रावधानहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु रहेको थियो ।

तालिमका क्रममा निम्न विषयहरूमा विस्तृत छलफल तथा सहजीकरण गरिएको थियो ।

सम्पत्ति शुद्धीकरण निवारण (AML) सम्बन्धी कानुनी व्यवस्था, ग्राहक पहिचान (KYC) तथा अभिलेख व्यवस्थापन प्रक्रिया, शंकास्पद कारोबार पहिचान तथा प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण तथा अनुपालना अधिकृतको भूमिका र जिम्मेवारी, जोखिम मूल्यांकन तथा न्यूनीकरण उपायहरू,सहजकर्ता श्री शौभाग्य भट्टराईले नियामकीय निर्देशनहरूको पालना नगरेमा संस्थाले भोग्नुपर्ने कानुनी तथा वित्तीय जोखिमबारे स्पष्ट पार्दै, संस्थागत सुशासन र पारदर्शिताका लागि अनुपालन प्रणाली सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो ।




सहभागी लेखा अधिकृत श्रीकृष्ण ख्याजूले तालिमबाट प्राप्त ज्ञानलाई संस्थाको आन्तरिक नीतिनियम परिमार्जन, KYC प्रणाली सुदृढीकरण तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस प्रकारका क्षमता विकास तालिमहरूले सहकारी संस्थाहरूलाई नियामकीय मापदण्ड अनुरूप सञ्चालन गर्न, वित्तीय पारदर्शिता कायम राख्न तथा सदस्यहरूको हित संरक्षण गर्न महत्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

## नेतृत्व पूर्व सक्षमता परीक्षण तालिममा सहभागिता ।

सहकारी क्षेत्रको सुशासन, पारदर्शिता र जिम्मेवार नेतृत्व विकास गर्ने उद्देश्यले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि ले नेतृत्व पूर्व सक्षमता परीक्षण (Fit and Proper Test) सम्बन्धी तालिम २०८२ माघ ३ गते सम्पन्न भएको छ ।



सहजकर्ता प्रोस्कूनका कार्यकारी अधिकृत केशव प्रसाद दाहालले सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा (७,क) अनुसार सहकारी संस्थामा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको चयन हुनु अघि अनिवार्य रूपमा सक्षमता परीक्षण गर्नुपर्ने कानुनी व्यवस्था, सक्षमता परीक्षणको उद्देश्य, प्रक्रिया, मापदण्ड तथा कार्यान्वयनका चरणहरूबारे प्रकाश पार्दै सहकारी संस्थामा योग्य, सक्षम र जिम्मेवार नेतृत्व चयन गर्न यो व्यवस्था अत्यन्त महत्वपूर्ण रहनुका साथै सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन भई संस्थाको दिगोपनामा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी उपाध्यक्ष बलराम प्रजापति र लेखा संयोजक बालकृष्ण नागाले तालिमलाई समयानुकूल, व्यवहारिक र ज्ञानवर्द्धक रहेको प्रतिक्रिया दिएका थिए । उहाँहरूले प्राप्त ज्ञानलाई संस्थामा कार्यान्वयन गर्दै कानुनी व्यवस्था अनुसार आगामी नेतृत्व चयन प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) बाट सञ्चालन इजाजत पत्र प्राप्त ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड २०८२ को दफा ४ बमोजिम संस्थाले मिति २०८२ फागुन १२ गते बचत ऋणको कारोबार गर्नको लागि NCRA बाट इजाजतपत्र नं. २०५६-००३८३ प्राप्त गरेको छ । जसमा संस्थाको कार्यक्षेत्र साविक भक्तपुर नगरपालिकाको १ देखि १७ वडाहरू, दधिकोट, कटुन्जे, गुण्डु, सिपाडोल, नंखेल, चितपोल गा.वि.स पुरै, दुवाकोट, भौखेल, छालिङ्, नगरकोट, वागेश्वरी, सुडाल, ताथली गा.वि.स. पुरै, मध्यपुर थिमी नगरपालिको साविक वडा नं ३ मा कार्यक्षेत्र विस्तार गरिएको व्यहोरा सहितको सञ्चालन इजाजतपत्र प्राप्त गरिएको सम्बन्धित सम्पूर्ण सदस्य तथा सरोकारवालाहरूमा जानकारी गराईन्छ ।

## पुँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio) तालिममा सहभागिता ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को आयोजनामा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड अनुसारको पुँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio - CAR) सम्बन्धी तालिम के वि लन्च कमलविनायकमा २०८२ माघ ६ गते सफलतापूर्वक सम्पन्न भएको छ ।

उक्त तालिममा श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. का व्यवस्थापक श्री शिवजी हाकुदुवालको सक्रिय सहभागिता रहेको थियो । तालिमका सहजकर्ता श्री नवराज घोरसाइले राष्ट्रिय सहकारी नियमन प्राधिकरणले निर्धारण गरेका नवीन मापदण्ड, जोखिम व्यवस्थापन, पुँजीको संरचना, जोखिम तौलित सम्पत्ति (Risk Weighted Assets) गणना विधि तथा संस्थाको वित्तीय सुदृढीकरणमा पुँजी पर्याप्तताको महत्वबारे विस्तृत प्रशिक्षण प्रदान गर्नुभएको थियो ।



तालिमका क्रममा सहकारी संस्थाले आफ्नो ऋण लगानी तथा अन्य लगानी व्यवस्थापन गर्दा पुँजीको पर्याप्तता कायम राख्नु किन आवश्यक छ भन्ने विषयमा विशेष जोड दिइएको थियो । साथै, पुँजी पर्याप्तता अनुपातले संस्थाको वित्तीय स्थायित्व, जोखिम वहन क्षमता तथा सदस्यको निक्षेप सुरक्षामा कसरी सकारात्मक प्रभाव पार्दछ भन्ने विषयमा व्यवहारिक उदाहरण सहित स्पष्ट पारिएको थियो ।

व्यवस्थापक श्री शिवजी हाकुदुवालले तालिमबाट प्राप्त ज्ञान र सीपलाई संस्थाको आन्तरिक नीति नियम परिमार्जन तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरणमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले यस्तो प्राविधिक तथा नीतिगत तालिमले सहकारी क्षेत्रलाई थप पारदर्शी, उत्तरदायी र दिगो बनाउने विश्वास व्यक्त गर्नुभयो ।

उक्त तालिमले सहकारी संस्थाहरूलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड अनुरूप वित्तीय अनुशासन कायम राख्न तथा संस्थागत सुशासन अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ऋण असुली सम्बन्धी कानुनी प्रक्रिया तालिममा सहभागिता

नेफ्स्कून को आयोजनामा २०८२ माघ २५ गते काठमाण्डौमा "ऋण असुली सम्बन्धी कानुनी प्रक्रिया" विषयक एक दिवसीय तालिम सफलतापूर्वक सम्पन्न भएको छ । सहकारी संस्थामा बढ्दो ऋण जोखिमलाई न्यूनिकरण गर्दै प्रभावकारी असुली प्रक्रियालाई कानुनी दायराभित्र रही कार्यान्वयन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

तालिमका सहजकर्ता शिव अधिकारी (नेफ्स्कूनका कानुनी सल्लाहकार तथा अधिवक्ता) रहनु भएको थियो । उहाँले ऋण असुली प्रक्रियामा अपनाउनुपर्ने कानुनी चरणहरू, धितो लिलामी कार्यान्वयन प्रक्रिया, अदालत मार्फत गरिने कारबाही, मिलापत्र तथा वैकल्पिक विवाद समाधानका उपायहरू लगायतका विषयमा विस्तृत जानकारी दिनु भएको थियो ।

सहजकर्ताले सहकारी ऐन, नियमावली तथा प्रचलित कानुन अनुसार कार्य नगर्दा संस्थालाई कानुनी जटिलता उत्पन्न हुन सक्ने भएकाले आवश्यक कागजात संकलन, सूचना प्रवाह, समयमै कारबाही प्रक्रिया अघि बढाउने विषयमा विशेष जोड दिनुभयो । साथै, कानुनी प्रक्रिया अवलम्बन गर्दा पारदर्शिता र सदस्य मैत्री व्यवहार कायम राख्नु पर्ने सुझाव पनि दिनुभयो ।

संस्थाबाट सहभागी बरिष्ठ ऋण सहायक राजमति सुवालले तलिमबाट प्राप्त ज्ञान र अनुभवलाई व्यवहारमा उतार्दै संस्थाको ऋण असुली प्रक्रियालाई थप प्रभावकारी, व्यवस्थित तथा कानुन सम्मत बनाउने प्रतिबद्धता सहभागीहरूले व्यक्त गरेका छन् ।

## ऋण व्यवस्थापनमा क्षमता विकास तालिममा सहभागिता

राष्ट्रिय सहकारी बैंक लि को आयोजनामा २०८२ माघ १९ र २० गते रोयल थाई हस्पिटालिटी भक्तपुरमा "ऋण व्यवस्थापनमा क्षमता विकास" विषयक दुई दिने तालिम सफलतापूर्वक सम्पन्न भएको छ । सहकारी संस्थाहरूमा प्रभावकारी ऋण प्रवाह, जो खिम न्यूनीकरण, अनुगमन तथा असुली प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

तालिमका सहजकर्ताले ऋण नीतिको प्रभावकारी कार्यान्वयन, ऋण विश्लेषण विधि, जोखिम पहिचान तथा न्यूनीकरणका उपाय, ऋण अनुगमन प्रणाली, भुक्तानी अनुशासन कायम गर्ने उपाय, प्रो भिजनिङ, र असुली रणनीति तथा समस्या ऋण व्यवस्थापनका व्यवहारिक पक्षबारे विस्तृत प्रशिक्षण प्रदान गर्नुभयो। साथै, ऋण व्यवस्थापनमा पारदर्शिता, दस्तावेजीकरण र कानुनी प्रक्रिया अवलम्बन गर्नुपर्ने विषयमा विशेष जोड दिनुभयो ।

सहभागी ऋण सहायक रामलक्ष्मी प्रजापतिले तालिम व्यवहारिक र समयानुकूल रहेको प्रतिक्रिया दिएका छन् । तालिमबाट प्राप्त ज्ञान र अनुभवलाई व्यवहारमा उतार्दै संस्थाको ऋण व्यवस्थापन प्रणालीलाई थप सुदृढ, पारदर्शी र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

## नियमित बचतको महत्व


नियमित बचत (Regular Saving) कुनै पनि सहकारी संस्थाको मेरूदण्ड मात्र होइन, सदस्यहरूको आर्थिक सुरक्षाको भरपर्दो आधार पनि हो । सहकारीको मूल भावना "सदस्य नै मालिक, सदस्य नै सेवाग्राही र सदस्य नै नियन्त्रक" भन्ने सिद्धान्तमा आधारित हुन्छ । यस्तो संस्थामा आन्तरिक पूँजी सुदृढ बनाउन र दीर्घकालीन स्थायित्व कायम गर्न नियमित बचत प्रमुख आधार हो ।

### सहकारी र नियमित बचतको सम्बन्ध

सहकारी संस्था बैंक जस्तो बाह्य पुँजीमा निर्भर संस्था होइन । यहाँ सदस्यहरूले नै पूँजी जम्मा गर्छन्, सेवा लिन्छन् र निर्णय गर्छन् । त्यसैले सहकारीको शक्ति आन्तरिक बचतमै निर्भर हुन्छ । तसर्थ सहकारीमा नियमित बचतको भुमिका र सम्बन्ध अतुलनिय छ ।

नियमित बचतले सदस्यमा आर्थिक अनुशासन विकास गर्छ । संस्थामा नगद प्रवाह (Cash Flow) स्थिर राख्छ । तरलता व्यवस्थापनमा सहज बनाउँछ । सानो संकटले पनि संस्था डगमगाउन नदिने आधार तयार गर्छ । त्यसैले "No Saving, No Loan" भन्ने नीति विश्वभरका सहकारी अभ्यासमा स्थापित मान्यता हो ।

सहकारीको इतिहास हेर्दा Rochdale Society of Equitable Pioneers (१८४४, बेलायत) ले सानो-सानो नियमित बचतबाट आधुनिक सहकारी अभियान सुरू गऱ्यो । जर्मनीका क्रेडिट युनियनहरूमा बचत अनिवार्य आधार बनाइयो । भारतका Self Help Group (SHG) हरूले **"पहिले बचत, त्यसपछि मात्र ऋण"** भन्ने अभ्यास अपनाए । यी उदाहरणहरूले देखाउँछन् कि नियमित बचत नै सहकारी सफलताको मूल आधार हो ।



### सहकारी संस्थाको कानुनी व्यवस्था र नीतिगत आधार

सहकारी ऐन २०७४ र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड अनुसार सहकारी संस्थाले साधारण, नियमित र आवधिक बचत संकलन गर्न सक्छ । कुल बचतमध्ये न्यूनतम २५% नियमित बचत कायम गर्नुपर्ने व्यवस्था छ । नियमित बचत गर्ने सदस्यलाई (नियम तथा कार्यविधि अनुसार) बचतको ५ गुणासम्म ऋण सुविधा दिन सकिने व्यवस्था गरिएको छ । यसले नियमित बचतलाई संस्थागत रूपमा पनि अनिवार्य र सुरक्षित आधार दिएको छ ।

सदस्यका लागि नियमित बचतको धेरै फाइदाहरू छन् जसमध्ये आकस्मिक अवस्थाका लागि सुरक्षा कवच हो, गम्भीर रोग, विवाह, शिक्षा जस्ता आवश्यकतामा सहयोग गर्छ, ऋण लिन सहज पहुँच पुग्छ, ब्याज आम्दानी तथा भविष्य सुरक्षित हुन्छ, आत्मविश्वास र आर्थिक स्वावलम्बन वृद्धि हुन्छ । तसर्थ नियमित बचतले सदस्यलाई अनुशासित बनाउँदै आर्थिक रूपमा सक्षम बनाउँछ ।



संस्थाका लागि नियमित बचतका फाइदा धेरै छन् जसमध्ये स्थिर आन्तरिक पूँजी निर्माण गर्छ, बाह्य ऋण निर्भरता घटाउने गर्छ, NPL (Non–Performing Loan) नियन्त्रणमा सहयोग गर्छ, नियामक र सदस्यबीच विश्वास वृद्धि गर्छ, दीर्घकालीन संस्थागत स्थायित्व सुनिश्चित गर्छ । यदि सहकारी संस्थामा नियमित बचत कमजोर भयो भने तरलता संकट (Liquidity Crisis) आउन सक्छ, जुन व्यवस्थापन र सञ्चालक समितिका लागि चुनौतीपूर्ण हुन्छ ।

सहकारी संस्थाको अभ्यास र नीतिगत सुधार गर्ने सफल सहकारीहरूले देहायका कुरामा ध्यान दिनु पर्दछ । नियमित बचतको अनिवार्य नीति बनाउनु पर्छ । बचत नगर्ने सदस्यलाई सेवा प्रवाहमा कडाई गर्नु पर्छ । नियमित बचत गर्ने सदस्यलाई अतिरिक्त सुविधा (जस्तैः सामाजिक सहयोग, राहत सुविधा, साधारण सभाको सुविधा सहुलियत ब्याज दर) दिनुपर्दछ । नियमित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यसले बचत संस्कार विकास गर्न मद्दत गर्दछ ।

निष्कर्षमा, नियमित बचत केवल रकम जम्मा गर्ने प्रक्रिया मात्र होइन, यो अनुशासन, विश्वास र स्थायित्वको आधार हो । सहकारी संस्था बलियो बनाउन, सदस्यलाई सुरक्षित भविष्य दिन र आर्थिक आत्मनिर्भरता हासिल गर्न नियमित बचत अपरिहार्य छ ।

व्यवस्थापक - शिवजी हाकुदुवाल

## पुँजी पर्याप्तता अनुपात (CAR) सम्बन्धी जानकारीमूलक कार्यक्रम सम्पन्न

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा पुँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio – CAR) सम्बन्धी जानकारीमूलक कार्यक्रम २०८२ माघ १६ गते सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रमका सहजकर्ता संस्थाका व्यवस्थापक श्री शिवजी हाकुदुवाल तथा चार्टर्ड एकाउन्टेन्ट(सीए) श्री विजय सुकुपायो रहनुभएको थियो । कार्यक्रममा संस्थाका कर्मचारीहरू तथा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिका पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा पुँजी पर्याप्तता अनुपात (CAR) को अवधारणा, यसको गणना विधि, जोखिम तौलित सम्पत्ति (Risk Weighted Assets) को व्यवस्थापन तथा राष्ट्रिय सहकारी नियामक मापदण्ड अनुसार कायम गर्नुपर्ने न्यूनतम पुँजी संरचना सम्बन्धी विषयहरूमा विस्तृत संस्थाका व्यवस्थापक श्री शिवजी हाकुदुवाल प्रस्तुति गरिएको थियो ।

सहजकर्ता चार्टर्ड एकाउन्टेन्ट(सीए) श्री विजय सुकुपायोले CAR ले संस्थाको वित्तीय स्थायित्व, जोखिम वहन क्षमता तथा सदस्यहरूको निक्षेप सुरक्षामा खेल्ने महत्वपूर्ण भूमिकाबारे प्रकाश पार्दै, प्रभावकारी जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो । संस्थाको पुँजी पर्याप्तता अनुपात १६।६७ प्रतिशत रहेको समेत जानकारी गराउनु भयो ।

यस कार्यक्रमले संस्थाका कर्मचारी तथा उपस्थित पदाधिकारीहरूलाई वित्तीय अनुशासन, पारदर्शिता र दिगोपन अभिवृद्धिमा थप सचेत बनाएको भन्दै अध्यक्ष राधेश्याम सुवालले विश्वास व्यक्त गरिएको छ । साथै, प्राप्त ज्ञानलाई व्यवहारमा कार्यान्वयन गरी संस्थालाई अझ सुदृढ, सुरक्षित र सदस्यमैत्री बनाउने समेत अनुरोध गरिएको थियो ।

## मानसिक स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रम (Mental Health Awareness Program)

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडका युवा तथा स्वास्थ्य उपसमितिको आयोजनामा मिति २०८२ माघ १६ गते सदस्यहरू र समुदायको मानसिक स्वास्थ्यलाई ध्यानमा राख्दै मानसिक स्वास्थ्य सचेतना कार्यक्रम (Mental Health Awareness Program) आयोजना गरेको छ ।

प्रस्तोता (Past president of Lions Club of Bhaktapur pharmacists and zone Chairperson of Lions international districts ३२५ नं का सजिना प्रजापतिले कार्यक्रमको मुख्य उद्देश्य समाजमा व्याप्त मानसिक स्वास्थ्य सम्बन्धी भ्रमहरूलाई चिर्नु र मानसिक तनाव व्यवस्थापनका उपायहरू सिकाउनु र कार्यक्रममा दैनिक जीवनमा आइपर्ने मानसिक समस्या, तिनको पहिचान, र समयमै उपचारको महत्वबारे विषयवस्तुमा प्रस्तुत गरिएको थियो ।




संस्थाले समय-समयमा लायन्स क्लब र अन्य स्वास्थ्य संस्थाहरूसँग सहकार्य गरि यस्ता स्वास्थ्य सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सहभागि सदस्य तथा पदाधिकारीहरूले छलफल एवं प्रश्नहरूमा पनि सहभागि भई आ-आफ्नो जिज्ञासा मेटाउनु भएको थियो । मानसिक स्वास्थ्य सचेतनाको यो छोटो कार्यक्रमले जिज्ञासुहरूको भनाइ अनुसार थप शिक्षा प्राप्त गरेको र फलदायी भएको पनि धारणा राख्नु भएको थियो ।

## २०८२ माघ मसान्तसम्मको वासलात विवरण

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| नगद हिसाब | २४,८२,९१६.०० | शेयर पुँजी | ७,७५,३५,९००.०० |
| बैंक हिसाब | ११,७१,८९,५७२.२३ | कोष हिसाब | ८,५५,९४,३६०.२८ |
| लगानी हिसाब | ३९,९२,०६,१२४.८१ | बचत हिसाब | ८१,५०,६८,१८८.९२ |
| पाउनुपर्ने हिसाब | ३,५३,०७,१७१.४४ | दायित्व हिसाब | ५,७०,०७,१३५.६१ |
| ऋण लगानी | ४४,६७,८०,६९९.०० | अन्य दायित्व | १४,६०,७२०.६८ |
| स्थिर सम्पत्ति | ३,८७,११,४१२.९६ | अवितरित नाफा | ३०,११,५९०.९५ |
| **जम्मा सम्पत्ति** | **१,०३,९६,७७,८९६.४४** | **जम्मा दायित्व** | **१,०३,९६,७७,८९६.४४** |

## २०८२ माघ मसान्तसम्मको नाफा नोक्सान विवरण

| आय विवरण | रकम | खर्च विवरण | रकम |
|---|---|---|---|
| व्याज आम्दानी | ३,०७,२३,४९८.६९ | व्याज खर्च | २,२२,०५,५०३.०० |
| अन्य आय | ३५,२६,७३१.६६ | का. सञ्चालन खर्च | ९०,३३,१३६.४० |
| | | जम्मा खर्च | ३,१२,३८,६३९.४० |
| | | अवितरित बचत | ३०,११,५९०.९५ |
| **जम्मा आम्दानी** | **३,४२,५०,२३०.३५** | **जम्मा खर्च** | **३,४२,५०,२३०.३५** |

| माघ मसान्तसम्मको तरलता :- ६२।५९ प्रतिशत |
|---|
| जम्मा सदस्य संख्या :- ५८३६ जना । जम्मा ऋणी संख्या :- ३०५ जना |

# संस्थाका विविध गतिविधिहरूको एक झलक




स्क्यान कार्यक्रम अन्तरगतको स्थालगत अनुगमन



मोवाइल बैकिङ्ग तथा कनेक आइ पि एस सम्वन्धी अभिमुखिकरण कार्यक्रम




दुवोको माला बनाउने र सुपारी सजावट तालिम




कविलास दर्शन तथा सदस्य बनभोज कार्यक्रम

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

**अनुसूची-३**
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
**सहकारी संस्थाको सञ्चालन इजाजतपत्र**

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)**
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

**सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)**

इजाजतपत्र नं.: 2056-00383

**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को** दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

**सहकारी संस्थाको नाम:** श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
**दर्ता नं र दर्ता गर्ने निकाय:** 1/056/057, डिभिजन सहकारी कार्यालय,भक्तपुर
**कार्यक्षेत्र:** साविक भक्तपुर न.पा पुरै वडा, साविक कटुन्जे,सिपाडोल,नंखेल,चितापोल,गुण्डु ,दधिकोट,झौखेल,ताथली,नगरकोट,बागेश्वरी,सुडाल,छालिङ्ग,दुवाकोट गा.वि.स.हरु र साविक मध्यपुर थिमी न.पा.को वडा नं.३ मात्रै
**कार्य:** बचत तथा ऋणको मुख्य कारोबार

**जारी गर्ने अधिकारी**
**नाम:** मुकेश कर्ण
**पद:** उप-निर्देशक
**जारी मिति:** 2082-11-12